श्री गणेशाय नमः

## "नेपाल यादव सेवा समिति" को विधान:- २०५४

### परिच्छेद:-

**प्रस्तावना**

नेपाल को सम्पूर्ण यादव समुदाय लगायत पिछडिएको वर्गको धर्म, संस्कृति र परम्पराको रक्षा गर्दै समृद्ध एवम् सम्मुन्नत समाजको सृजना गर्ने यस नेपाल यादव सेवा समितिको मुख्य उद्देश्य हुनेछ ।

**प्रारम्भिक**

(१) **सक्षिप्त नाम र प्रारम्भ:-**

(क) यस समितिको नाम नेपाल यादव सेवा समिति (Nepal Yadav Welfare Committee) रहने छ ।
(ख) यो विधान जिल्ला प्रसाशन कार्यालय बाट स्वीकृत भएको मिति देखि प्रारम्भ हुनेछ ।

(२) **कार्यालय:-**

(क) यस समितिको केन्द्रीय कार्यालय काठमाण्डौंमा रहने छ ।
(ख) समितिको जिल्ला कार्य समितिको कार्यालयं सम्वन्धित जिल्लामा रहने छ ।

(३) **परिभाषा:- विषय वा प्रसंगले अर्को अर्थ नलागेमा,**

(क) समिति भन्नाले नेपाल यादव सेवा समितिलाई सम्झनु पर्छ ।
(ख) जिल्ला कार्य समिति भन्नाले स्थानिय अधिकारीबाट पूर्व स्वीकृति लिई यस समिति अन्तर्गतका जिल्लाहरुमा गठित जिल्ला कार्य समितिलाई सम्झनु पर्छ ।
(ग) केन्द्रीय समिति भन्नाले केन्द्रीय कार्य समितिलाई जनाउँछ ।
(घ) सदस्य भन्नाले दफा ६, मा उल्लेखित सदस्यलाई जनाउँछ ।
(ङ) समितिका पदाधिकारी भन्नाले समितिका अध्यक्ष, उपाध्यक्ष, महासचिव, सचिव तथा कोषाध्यक्ष लाई जनाउँछ ।

### परिच्छेद:-२

(४) **उद्देश्य:-**

यस समितिको निम्न उद्देश्यहरु हुनेछन् ।

(क) सम्पूर्ण यादव समुदाय लगायत पिछडिएका वर्गको सर्वोत्तम हितमा जनकल्याणकारी कार्यहरु गर्ने ।
(ख) परापूर्वकालदेखि चलिआएको धर्म, संस्कृति, परम्पराको संरक्षण र सम्वर्द्धन गर्ने ।
(ग) राष्ट्रिय र समुदायको संस्कृति, परम्पराको संरक्षण र सम्वर्द्धन गर्न सघाउ पुर्‍याउने कार्यक्रमहरु आयोजना गर्ने ।
(घ) यादव समुदाय लगायत पिछडिएका जनसमुदायको शैक्षिक उत्थान गर्न प्रतिभाशाली छात्रछात्रालाई छात्रवृत्ति एवं पुरस्कारको व्यवस्था गर्ने ।
(ङ) समुदायका व्यक्तिहरुको बीचमा रहेको सामाजिक विकृति र समुदायभित्रका भेदभाव हटाउन सहयोग पुग्ने कार्य गर्ने ।
(च) राष्ट्रिय र अन्तर्राष्ट्रिय मेलमिलाप कायम राख्दै मानव अधिकारको संरक्षण र सम्वर्द्धनको लागि प्रयत्नशील रहने ।
(छ) राष्ट्रियताको संरक्षण र सम्वर्द्धन गरी राष्ट्रिय एकता कायम गर्ने ।

(ज) पिछडिएका वर्गको उत्थानको लागि आवश्यक कार्य गर्ने र गराउने ।
(झ) समाज तथा राष्ट्र उत्थानको लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका सभा सेमिनार संचालन तथा अध्यन अनुसन्धान गर्ने र गराउने ।
(ञ) समाज सेवासँग सम्बन्धित कार्यहरु संचालन तथा त्यससंग सम्बन्धित आवश्यक सामाग्रीहरु खरिद गर्ने ।
(ट) समाजमा विद्यमान बालविवाह, बहुविवाह, दहेज प्रथा लगायत अन्य रुढिवादी एवं अन्धविश्वास हटाउन जनचेतनामूलक कार्यक्रमहरु संचलन गर्ने ।
(ठ) यादव समाज एवं अन्य जातजातिका आर्थिक रुपमा विपन्न, अशक्त, रोगी व्यक्तिहरुलाई आवश्यक आर्थिक सहयोग गर्ने ।
(ड) विशुद्ध सेवा भावले अतिथि सदन, र नि:शुल्क स्वास्थ्य सेवा आदिको स्थापना र संचालन गर्ने ।
(ढ) यादव जाती लगायत अन्य पिछडिएका वर्गका युवाहरुको बेरोजगारी समस्या समाधानमा सहयोग पुऱ्याउनको लागि शीपमूलक व्यावसायिक तालिमहरु संचालन गर्ने ।
(ण) धुम्रपान, मध्यपान, लागु औषधिको सेवनबाट हुने असर एवं एच.आई.भी. एड्स जस्तो प्राणघातक रोगबाट बच्ने उपाय बारेमा जनचेतनामूलक कार्यहरु लगायत राष्ट्रिय एवं अनतर्राष्ट्रिय गोष्ठी, सेमिनार, प्रवचन आदिको संचालन एवं आयोजना गर्ने ।
(त) यादव जाति एवं पिछडिएका मधेशी महिलाहरु तथा अन्य दलित जनजातिहरुलाई जागरुक र आफ्नो हक, अधिकारहरु प्रति सजग एवं सचेत गराउन कानूनी साक्षरता लगायतका विविध कार्यक्रमहरु संचालन गर्ने ।

(५) कार्यक्रम:-

उपरोक्त उद्देश्य प्राप्तिको निम्ति समितिले निम्न लिखित कार्यक्रमहरु संचालन गर्ने छ ।
(क) देशका विभिन्न भागमा गोष्ठि, प्रवचन, विचार-विमर्श, सेमिनार आदिका आयोजना गर्ने ।
(ख) पुस्तक-पुस्तिका तथा पत्र-पत्रिकाहरुको प्रकाशनको व्यवस्था गर्ने ।
(ग) समान उद्देश्यका राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्थाहरु सित समन्वय कायम गर्ने ।
(घ) समुदाय संग सम्बन्धित विभिन्न पक्षबारे अध्ययन र अनुसन्धान गर्न एउटा अनुसन्धान केन्द्रको स्थापना गर्ने ।
(ङ) समितिको सम्पूर्ण उद्देश्य पुरा गर्नको लागि अन्य आवश्यक कार्य गर्ने ।

## परिच्छेद:-३

(६) सदस्यता:-

यस समितिमा निम्न किसिमका सदस्यहरु रहने छन् ।
(क) नेपालको सम्पूर्ण यादव समुदायका १८ वर्ष पुगेका नेपाली नागरिक निम्न अनुसारका सदस्य बन्न सक्ने छन् :-
(१) **साधारण सदस्य**:- साधारण सदस्यता प्राप्त गर्न बार्षिक शुल्क रु. १००।- (एकसय) का दरले तिन वर्षको सदस्यता शुल्क एकमुस्ट रु. ३००।- (तिन सय) तिर्नु पर्ने छ र प्रत्येक तिन बर्ष पछि पुन: ३ वर्ष को लागि लाग्ने दस्तुर रु. ३००।- तिरी क्रमश: नविकरण गर्दै जानु पर्ने छ ।
(२) **आजीवन सदस्य**:- आजीवन सदस्यता प्राप्त गर्न रु. ५०००। - (पाँच हजार) तिर्नु पर्ने छ । नविकरण गर्नु पर्ने छैन ।
(ख) सामाजिक क्षेत्रमा उल्लेखनिय योगदान दिएका स्वदेशी तथा विदेशी व्यक्तिहरु लाई केन्द्रीय समितिको मानार्थ सदस्यता प्रदान गर्न सक्ने छ ।

(७) **मताधिकार तथा उम्मेदवारी:-**

(क) दफा ६ को उपदफा "क" बमोजिमको कायम रहेका सदस्यहरुका साथै प्रत्येक जिल्ला कार्य समितिबाट साधारण सभामा भाग लिन छानिएका बढीमा पाँच जना मतदाता हुने छन् ।
(ख) केन्द्रीय कार्यसमितिको पदाधिकारीको उम्मेदवारहुन कम्तीमा एक कार्यकाल केन्द्रीय कार्यसमितिमा कार्य गरेको अनुभव हुनु पर्ने छ । तर सदस्य पदको लागि अनुभव आवश्यक हुने छैन ।

(८) **सदस्यताको समाप्ति:-**

समितिको सदस्यता देहायको अवस्थामा समाप्त हुनेछ :-
(क) सदस्यता नविकरण नगरेमा ।
(ख) सदस्यताबाट दिएको राजिनामा कार्य समितिबाट स्वीकृत भएमा ।
(ग) समितिको उद्देश्य विपरित काम गरेको ठहर भई कार्य समितिले सदस्यता समाप्त गरेमा ।
(घ) मृत्यु भएमा र फौजदारी अभियोगमा अदालतबाट दोषि प्रमाणित भएमा ।
(ङ) समिति विघटन भएमा ।

## परिच्छेद:- ४

(९) **साधारण सभा:-**

(क) केन्द्रीय कार्यसमितिले प्रत्येक वर्ष एक पटक साधारण सभा बोलाउने छ र आवश्यकता अनुसार विषेश साधारण सभा बोलाउन सक्ने छ ।
(ख) दफा ७ अनुसार मताअधिकार भएका व्यक्तिहरु साधारण सभा तथा विषेश सधारण सभामा भाग लिन पाउने छन् ।
(ग) साधारण सभा बोलाउदा कम्तिमा ३० दिन अगावै सम्मेलन हुने स्थान, मिति, समय र छलफलको लागि मुख्य विषय खोलि सूचना प्रकाशित गरिनेछ ।
(घ) विशेष साधारण सभा बोलाउनु परेमा १५ दिन अगावै सभा हुने स्थान, मिति, समय र छलफलको लागि मुख्य विषय खोलि सूचना दिनु पर्ने छ ।

(१०) **साधारण सभाको अधिकार र कर्तव्य:-**

(क) साधारण सभामा प्रस्तुत केन्द्रीय समितिको प्रतिवेदन र लेखापरीक्षण गरिएको आयव्ययको हिसाव उपर छलफल र निर्णय गर्ने तथा लेखा परीक्षकको नियुक्ति तथा पारिश्रमिक तोक्ने ।
(ख) सधारण सभामा प्रस्तुत हुन आएको प्रस्तावहरु माथि छलफल र निर्णय गर्ने ।
(ग) केन्द्रिय कार्य समितिको निर्वाचन गर्ने ।
(घ) समितिको दिर्घकालिन योजना तथा आधारभुत नीति निर्देशन सम्वन्धि कार्यक्रम तर्जुमा गर्ने ।

(११) **सधारण सभाको अध्यक्षता :-**

साधारण सभाको अध्यक्षता केन्द्रीय कार्य समितिको अध्यक्षले गर्ने छ । निजको अनुपस्थितिमा समितिको उपाध्यक्ष र निज पनि अनुपस्थित भएमा सभामा उपस्थित सदस्यहरु मध्ये वाट उमेरको जेष्ठताको आधारमा जेष्ठ सदस्यले सभाको अध्यक्षता गर्नेछ ।

(१२) अविश्वासको प्रस्तावः-

(क) केन्द्रीय समितिका कुनै पदाधिकारीको विरुद्ध साधारण सभाका सम्पूर्ण सदस्यको २५ प्रतिशत सदस्यले अविश्वासको प्रस्ताव लिखित रुपमा गरेको तिन महिना भित्र केन्द्रीय समितिका अध्यक्षले र अध्यक्षको विरुद्धको प्रस्तावमा उपाध्यक्षले साधारण सभा वा बिषेश सधारण सभा बोलाउने छ र सो सम्मेलनमा उपस्थित सदस्यको दुई तिहाई बहुमतले अविश्वासको प्रस्ताव पारित भएमा निजको पद रिक्त हुने छ तर प्रस्तुत अविश्वासको प्रस्तावको बारेमा जसको विरुद्ध अविश्वासको प्रस्ताव आएको छ निजलाई सफाईको मौका दिईने छ।

(ख) उपदफा "क" बमोजिम रिक्त हुने स्थानमा निर्वाचन गर्ने काम पनि सोहि साधारण सभाबाट हुने छ।

(ग) जिल्ला कार्यसमितिको अविश्वासको प्रस्ताव दफा १२ को "क" र "ख" बमोजिम उक्त समिति भित्र बाटै हुनेछ।

(१३) निर्वाचन प्रक्रियाः-

(क) केन्द्रीय कार्यसमितिको पदावधि सक्नुभन्दा ४५ दिन अगावै केन्द्रीय समितिले घटिमा ३ जनाको एक निर्वाचन समिति गठन गर्नेछ। उक्त समितिले निर्वाचन सम्बन्धि सबै कार्य सम्पादन गर्नेछ। विधानको दफा ७ मा उल्लेखित योग्यता भएका व्यक्ति मात्र उम्मेदवार हुन र मतदान गर्न सक्नेछन्।

(ख) निर्वाचन समितिका सदस्यहरुलाई मताधिकार हुन्छ तर निर्वाचित हुने अधिकार हुने छैन।

(ग) जिल्ला कायसमितिको निर्वाचन पनि उपदफा "क" र "ख" बमोजिम उक्त समिति बाटै हुनेछ।

## परिच्छेदः-५

(१४) १. समितिको स्वरुपः-

यस समितिको स्वरुप निम्न अनुसार हुनेछ।

(क) केन्द्रीय कार्यसमिति।

(ख) जिल्ला कार्यसमिति।

(ग) केन्द्रीय कार्यसमितिले कार्य समितिको व्यक्ति संयोजक रहने गरि आवश्यकता अनुसार उपसमितिहरु गठन गर्न सक्ने छ।

२. केन्द्रीय कार्यसमिति

(क) केन्द्रीय कार्यसमितिमा निम्न पदाधिकारी तथा सदस्यहरु रहने छन्।

अध्यक्ष - १ जना
उपाध्यक्ष - १ जना
महासचिव - १ जना
सचिव - १ जना
कोषाध्यक्ष - १ जना
सदस्यहरु - ६ जना

३. **जिल्ला कार्यसमिति:-**

जिल्ला कार्यसमितिको गठन दफा १४ को उपदफा २ "क" अनुसार नै रहने छ ।

(१५) **केन्द्रीय कार्यसमितिको काम कर्तव्य र अधिकार :-**

(क) समितिको कार्यक्रमको तयारी, कार्यान्वयन र अनुशासन तथा प्रक्रियाहरुको निर्धारण गर्ने ।
(ख) समितिको विधानको अधिनमा रही नियम तथा विनियम बनाउने र त्यसको कार्यान्वयन गर्ने ।
(ग) साधारण सभा बाट पारित भएका निति-तथा कार्यक्रमहरुको कार्यान्वयन गर्ने ।
(घ) सदस्यता स्वीकृत गर्ने ।
(ङ) समितिको उद्देश्यहरुको प्राप्तिको लागि प्रयत्नशिल रहने ।
(च) केन्द्रीय कार्य समितिको निर्वाचन गराउने ।
(छ) केन्द्रीय कार्य समितिको निर्देशन बमोजिम प्रत्येक जिल्ला कार्यसमितिको काठमाण्डौंमा सम्वन्धित जिल्ला (जिल्लाको नाम)............काठमाण्डौं समन्वय समिति गठन गर्न सकिने छ । उक्त समन्वय समितिले केन्द्रीय कार्यसमितिको निर्देशन बमोजिम कार्य गर्नु पर्ने छ ।
(ज) (१) केन्द्रीय कार्य समितिले आवश्यकता अनुसार संरक्षक तथा सल्लाहकारको मनोनयन गर्न सक्ने छ ।
(२) केन्द्रीय कार्यसमितिले कर्मचारी र विशेषज्ञको नियुक्ति एवं तिनको सेवाको अवधि र शर्तहरु तोक्ने छ ।
(झ) कार्य समितिका कुनै सदस्य तथा पदाधिकारी बिना सूचना लगातार तिन पटकसम्म बैठकमा अनुपस्थित भएमा प्रथम पटक लिखित स्पष्टीकरण माग गरिने छ । त्यस पछि पनि लगातार तीन पटक विना सूचना अनुपस्थित भएमा कार्य समितिको निर्णयबाट निजलाई पदमुक्त गर्न सकिने छ । यसरी रिक्त हुन आउने अथवा अन्य कुनै कारणले कार्य समितिको रिक्त हुन आउने पदमा विधानको दफा ७ (ख) को अनुसार कार्य समितिको बाँकी अवधिको लागि केन्द्रीय कार्य समितिले अर्को व्यक्तिलाई मनोनित गर्न सक्नेछ ।
(ञ) साधारण सभामा पेश हुन एजेण्डा बनाउने ।
(ट) साधारण र विषेश साधारण सभा बोलाउने ।
(ठ) जिल्ला कार्यसमितिलाई निर्देशन दिने ।

(१६) **केन्द्रीय कार्यसमितिको निर्वाचन:-**

केन्द्रीय कार्यसमितिको निर्वाचन सामान्यतया प्रत्येक ३ वर्षमा हुनेछ र सो निर्वाचनको प्रक्रिया र व्यवस्था कार्यसमितिद्वारा निर्णय भएबमोजिम हुनेछ ।

(१७) **कार्यसमितिको बैठक र निर्णय:-**

(क) कार्यसमितिको बैठक अध्यक्षको अनुमतिमा महासचिवले बोलाउने छ । तर यस्तो बैठक महिनामा एक पटक अनिवार्य रुपमा बस्नेछ ।
(ख) का.स. का निर्णयहरु साधारणतया बहुमत द्वारा पारित गरिने छ ।
(ग) कार्य समितिको बैठकको गणपुरक संख्या ५१% हुने छ ।

(१८) **अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:-**

(क) अध्यक्षले साधरण सभा र समितिको बैठकको अध्यक्षता गर्नेछ।
(ख) बैठकमा पारित हुने प्रस्तावहरुमा बराबर मत परेमा निर्णायक मत दिने छ।
(ग) यस विधानमा उल्लेखित बाहेक समितिका अन्य पदाधिकारी वा सदस्यको अधिकार तथा कर्तव्य तोक्ने छ।
(घ) अध्यक्षले बढीमा एकमुष्ट रु. ५०००।- (पाँच हजार) खर्च गर्न सक्ने छ तर सो खर्चको अनुमोदन कार्यसमितिबाट गराउनु पर्नेछ।
(ङ) संयुक्त बैंक खाताको संचालन गर्ने।
(च) समितिलाई क्रियाशिल गरी गतिविधि विस्तार गर्नेछ।

(१९) **उपाध्यक्षको काम कर्तव्य र अधिकार:-**

(क) अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्नुपर्ने काम र अध्यक्षले तोकेको कामहरु उपाध्यक्षले गर्नेछ।
(ख) अध्यक्षको काम, कर्तव्य र जिम्मेवारी सम्पादनमा सघाउ पुऱ्याउने छ।
(ग) समितिको क्रियाकलाप बारे जानकारी राख्ने।

(२०) **महासचिवको काम, कर्तव्य र अधिकार:-**

(क) महासचिवले अध्यक्षको सामान्य निर्देशनमा रहि समितिको दैनिक कार्यक्रमहरु संचालन गर्ने।
(ख) समितिको आवश्यक खर्चको लागि महासचिवले बढीमा रु. ३०००।- (तिन हजार) खर्च गर्न सक्ने छ। तर त्यस्तो खर्चको अनुमोदन कार्य समितिबाट गराउनु पर्ने छ।
(ग) समितिको काम कारवाहीको अभिलेख राख्ने।
(घ) कार्यसमितिको एक तिहाई सदस्य द्वारा लिखित रुपमा बैठक बोलाउन निवेदन आएमा अतिरिक्त बैठकको सूचना गर्ने।
(ङ) कार्यसमितिको निर्देशन अनुसार निर्णयको कार्यान्वयन गर्ने।
(च) कार्यालय संचालन गर्ने।
(छ) समितिको सम्पतिलाई निगरानी तथा संरक्षण गर्ने।

(२१) **सचिवको काम कर्तव्य र अधिकार:-**

(क) सचिवले समितिको कार्यहरु सम्पादन गर्न महासचिवलाई सहयोग पुऱ्याउने छ।
(ख) महासचिवको अनुपस्थितिमा, महासचिवले गर्नु पर्ने काम गर्नेछ।
(ग) महासचिवले प्रत्यायोजन गरेको काम गर्ने छ।

(२२) **कोषाध्यक्षको काम, कर्तव्य र अधिकार:-**

(क) समितिको कोष कोषाध्यक्षको जिम्मामा रहने छ।
(ख) अध्यक्ष र कोषाध्यक्षको संयुक्त दस्तखतमा बैंकको खाता संचालन गर्नेछ।
(ग) समितिको आय-व्ययको वार्षिक विवरण तयार गरी बैठकमा पेश गर्नेछ।
(घ) समितिको चल, अचल सम्पतिको अभिलेख र सम्पतिलाई सुरक्षित रुपमा राख्न लगाउने छ।
(ङ) मासिक आय व्ययको हिसाब र बैंक मौज्दात प्रत्येक महिना समितिमा पेश गर्ने छ।

परिच्छेदः-६

(२३) **कोषको आयश्रोत तथा कोषको संचालनः-**

(क) समितिको एउटा छुट्टै कोष रहने छ । यसको संचालन बैंकद्वारा गरिने छ । समितिमा हुन आएको सम्पूर्ण आम्दानी र खर्च त्यसैवाट गरिने छ ।

(ख)(१) सदस्यता शुल्क बाट प्राप्त रकम ।

(२) अनुदान, चन्दा र सहयोग बाट प्राप्त रकम ।

(३) सामाजिक सेवा सामाग्री बाट प्राप्त रकम ।

(४) अन्य संगठन तथा व्यक्तिवाट प्राप्त रकम ।

(५) नेपाल सरकारको पूर्व स्वीकृति लिई बैदेशिक सहायता बाट प्राप्त रकम ।

(६) कोषको बैंकमा रहने खाताको संचालन अध्यक्ष र कोषाध्यक्षको संयुक्त दस्तखत बाट हुने छ । निज हरुमध्ये कसैको अनुपस्थितिमा केन्द्रीय कार्यसमितिको निर्णय अनुसारका व्यक्तिको दस्तखत बाट खाता संचालन हुने छ ।

(ग) बैंक वा कुनै वित्तिय संस्थामा बचत गरेको रकम बाट आउने व्याज रकम ।

(२४) **लेखा परीक्षणः-**

(क) यस समितिको प्रत्येक बर्षको आय व्यायको लेखा परीक्षण लेखापरीक्षक बाट गराईने छ ।

(ख) धारा २४ (क) वमोजिम गरिएको लेखा परीक्षणको प्रतिवेदन सम्वन्धित स्थानिय अधिकारीको कार्यालयमा पेश गरिनेछ ।

(ग) दफा २४ (क) वमोजिम गरिएको लेखा परीक्षणको जानकारी सामाजिक सेवा राष्ट्रिय समन्वय परिषदमा एक प्रति पेश गरिनेछ ।

परिच्छेदः-७

(२५) **विधान संसोधनः-**

यस विधानको संसोधन गर्नु परेमा साधारण सभामा सम्पूर्ण सदस्य संख्याको दुई तिहाईको उपस्थितिमा उपस्थित सदस्य संख्याको दुई तिहाई बहुमतद्वारा विधान संसोधन गर्न सक्नेछ । सो संसोधन भएका कुराहरु दर्ता भएका कार्यलय बाट स्वकृति लिएपछि मात्र लागु हुन सक्नेछ ।

परिच्छेदः-८

(२६) **नियम बनाउनेः-** संस्थाको कार्य व्यवस्थित गर्न केन्द्रीय कार्यसमितिले नियम बनाई कार्यान्वयन गर्ने छ ।

(२७) **जिल्ला कार्य समितिको गठन, काम कर्तव्य र अधिकारः-**

(क) प्रत्येक जिल्लामा साधारण सदस्यहरुको बहुमतको आधारमा बढीमा ११ जनाको एक निर्वाचित कार्य समिति रहने छ, जसमा सभापति, उपसभापति, सचिव, सहसचिव, कोषाध्यक्ष र अन्य ६ जना सदस्यहरु रहने छन् ।

(ख) जिल्ला कार्यसमितिको वैठक कम्तिमा तिन महिनामा एक पटक बस्नु पर्ने छ ।

(ग) जिल्ला कार्यसमितिले केन्द्रीय कार्य समिति संग सम्पर्क राखि समितिको उद्देश्य अनुसार आफ्नो क्षेत्रमा कार्यक्रम संचालन गर्ने छ ।

(घ) जिल्ला कार्यसमितिले केन्द्रीय कार्य समितिको निर्देशन पालन गर्नु पर्ने छ ।
(ङ) जिल्ला कार्यसमितिको साधारण सभा कम्तिमा बर्षको एक पटक बस्ने छ ।

## परिच्छेद:-९

(२८) विविध:-

(१) गणपुरक संख्या:-

(क) प्रत्येक बैठकको लागि ५०% भन्दा बढी संख्यालाई गणपुरक संख्या मानिने छ ।

(ख) पहिलो पटकको बैठकमा गणपुरक संख्या नपुगेमा दोश्रो पटक उपस्थित संख्याको बहुमत बाट निर्णय लिन सकिने छ ।

(२) निष्कृय:-

यस विधानमा भएका प्रावधानहरु प्रचलित ऐन कानून संग बाझिएको हकमा स्वत: निष्कृय हुनेछ ।

(३) विघटन:-

कुनै कारणवश यस समितिको विघटन हुन गएमा यसको सम्पूर्ण चल-अचल सम्पति नेपाल सरकारको हुने छ ।

(४) छाप:-

यस समितिको छाप गोलाकार वृत्त भित्र चक्रधारी भगवान श्री कृष्णको फोटो सहित पुरा नाम र स्थापित साल उल्लेखित भएको हुने छ । जसको नमूना अनुसूची:- १ मा उल्लेख छ ।

(५) आवद्ध वा मिलेर कार्य गर्न सकिने:-

नेपाल यादव सेवा समितिले यस्तै उद्देश्य बोकेको महासंघ वा अन्य संघ संस्थासंग आवद्ध भएर वा मिलेर काम गर्न सक्नेछ । तर यस्तो कुराको निर्णय साधारण सभाले मात्र गर्न सक्नेछ ।